
# रङ्गीन विष



विजयराज आचार्य

# रङ्गीन विष



विजयराज आचार्य



## विजयराज आचार्य

विजयराज आचार्य (जन्म इ.सं. १९७७) ले बाल चित्रपुस्तक, बालकथा, बालउपन्यास, जीवनी, बालनाटक, किशोरकथाका गरी ८० भन्दा धेरै बालसाहित्यका पुस्तक लेख्नु भएको छ। साथै धेरै पुस्तकको सम्पादन र अनुवाद पनि गर्नु भएको छ। उहाँका कतिपय पुस्तक अङ्ग्रेजी र अन्य भाषामा अनुवाद भएका छन्। उहाँ विवेक सिर्जनशील प्रकाशन प्रा.लिं.का संस्थापक तथा कार्यकारी निर्देशक तथा 'हाम्रो बालबगैंचा' मासिक पत्रिकाका सम्पादक तथा प्रकाशक हुनुहुन्छ। बालसाहित्य लेखनका लागि उहाँले नेपाल बालसाहित्य समाजबाट उत्कृष्ट बालसाहित्य लेखक पुरस्कार, पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार, पुस्कर गौतम बालसाहित्य पुरस्कार तथा दिलसरी-दल अतिरिक्त पुरस्कार प्राप्त गर्नु भएको छ।

**रङ्गीन विष**

वातावरणीय बालकथा सङ्ग्रह

कथाकार : विजयराज आचार्य

चित्रकार : युवक श्रेष्ठ

सम्पादन : विनय कुमार कसजू

भाषा सम्पादन : प्रमोद प्रधान

कला संयोजक : एकाराम सिंह

प्रकाशक : बालवाङ्मय तथा अनुसन्धान केन्द्र, काठमाडौँ

सहयोगी निकाय : जल तथा मौसम विज्ञान विभाग/नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) तथा विश्वव्यापी वातावरणीय सहुलियत

प्रकाशन मिति : २०७५ (सन् २०१८)

डिजाइन : वर्ल्डवाइड प्रिन्ट्र सोलुसन, ०१-५५५०२८९, wpsnepal@gmail.com

मुद्रण : स्पर्श प्रिन्टर्स, ललितपुर, ०१-५१५१६४४

# भूमिका

वातावरण विनाशले पृथ्वी र यहाँ बस्ने जीवजन्तुलाई धेरै प्रकारले प्रभाव पार्दै छ । विभिन्न ठाउँको जलवायुमा परिवर्तन आएको छ । जाडो ठाउँमा गर्मी बढेको छ । पानी नपर्ने ठाउँमा पानी पर्न थालेको छ । हिमालमा हिउँ र हिमनदी पग्लेर एकातिर बाढी आउने र अर्कोतिर नदीनाला सुक्ने खतरा बढेको छ । जीवजन्तु र बनस्पतिको सन्तुलन बिग्रँदै छ । वन्य पशुपंछीको वासस्थान उजाडिँदै छ । जीव जनावर मानव तथा बोट बिरुवामा विभिन्न प्रकारका रोगका कीटाणुको संक्रमण बढ्दो छ । मानव जातिको अस्तित्वमाथि नै खतरा आउने सम्भावना बढ्दै छ । यसैले वातावरणमा जलवायु पवितृनको असर विश्वकै चासोको विषय बनेको छ ।

वातावरण संरक्षणको महत्व नबुझ्नाले वा यसबारे हेलचेक्र्याइँ गर्नाले मानिसले वातावरण बिग्रने, बिगार्ने काम आफै गर्दै छ । बन जङ्गल विनाश हुँदै छ । बाढी, पहिरो, भूक्षय र मरुभूमीकरण तीव्र रूपमा भइरहेको छ । धुलो, धुवाँ र विभिन्न प्रकारका ग्यासबाट वायुमण्डल दूषित हुँदै छ । प्लास्टिक तथा विभिन्न प्रकारका विषाक्त पदार्थले खोलानाला र जमिनभित्रको पानी समेत प्रदूषित हुँदै छ । चाँडै पैसा कमाउन लोभमा फसेर कृषि उत्पादन र औद्योगिक उत्पादनमा रासायनिक तथा विषालु पदार्थको मिसावट बढिरहेको छ । वातावरण कसरी जोगाउने भन्ने बेलामै बुझेनौँ र यसको लागि प्रयास थालेनौँ भने मानिसले पछुताउनु पर्ने छ । यसैले वातावरण शिक्षा सबैका लागि महत्वपूर्ण भएको छ ।

वातावरण शिक्षाले हामीलाई हाम्रो वरिपरिको संसारसँग जोड्छ र हामीलाई प्राकृतिक तथा मानिसले बनाएको वातावरणका बारेमा सिकाउँछ । यसले हामीसँग सरोकार राख्ने, हामी निर्भर रहेको तथा हामीलाई धेरै प्रभाव पार्ने वातावरणीय विषयका बारेमा हामीलाई सचेत बनाउँछ । अनि वातावरण जोगाउने र सपार्ने उपायहरूका बारेमा सिकाउँछ ।

वातावरण शिक्षाको व्यक्तिगत फाइदा पनि छ । यसले विद्यार्थीहरूलाई आलोचनात्मक तथा विश्लेषणात्मक दृष्टिले सोच्न र कुनै काम वा कुरा किन हुन्छ भन्ने खोज, अनुसन्धान गर्न प्रेरित गर्छ र वातावरणका अप्ठ्यारा समस्याहरूमा पनि आफै निर्णय गर्न सघाउँछ । उनीहरूलाई सिर्जनशील बनाउँछ । वातावरण शिक्षाले बालबालिकालाई प्रकृतिको नजिकै लैजान्छ र प्रकृतिलाई बुझ्न र प्रकृतिसँग मिलेर काम गर्न प्रेरित गर्छ । वातावरण शिक्षाले बालबालिकालाई स्वस्थकर जीवनशैली अपनाउन सघाउँछ । खाने बानीमा सुधार गर्न, सन्तुलित आहारप्रति सचेत हुन र जीवन बाँच्ने स्वस्थ तरिका सिकाउँछ ।

वातावरण शिक्षा हामीले कक्षा कोठाभित्र, पुस्तक पत्रिकामा वा प्रकृतिको खुला किताबबाट पनि पाउन सक्छौँ। यसबाट विद्यार्थी, समाज, देश र विश्वलाई नै फाइदा हुन सक्छ। वातावरण संरक्षणको सक्रिय कार्यकर्ता वा अगुवा (हिरो) हुनु भनेको यो विश्वको लागि कति ठूलो योगदान हो भन्ने कुरा बालबालिकाले सानैदेखि बुझे भने वातावरण संरक्षणका क्षेत्रमा देश र समाजका लागि मात्रै हैन विश्वकै लागि ठूलो योगदान हुने छ। यसैले बालबालिकालाई वातावरण शिक्षाको विशेष महत्व छ।

वातावरण शिक्षाका लागि ज्ञान विज्ञानका पुस्तकका तुलनामा कथाका माध्यम बढी प्रभावकारी हुन्छ। नेपालमा बालबालिकालाई वातावरण शिक्षा दिने पुस्तकहरू ज्ञान विज्ञान वा जानकारी मूलक पुस्तकका रूपमा पाइन्छन्, तर कथा वा आख्यानको माध्यमबाट वातावरण शिक्षा दिने पुस्तकहरू साह्रै थोरै छन्। वातावरणीय बालकथाको अभाव पूरा गर्दै कथाको माध्यमबाट रमाइलो तरिकाले वातावरण तथा जलवायु परिवर्तनका विभिन्न समस्या, असर र समाधानका उपायका बारेमा पुस्तक तयार पार्ने प्रयासको फलस्वरूप यो पुस्तक तयार पारिएको हो।

यसमा अनन्त वाग्लेको 'लिटिल डायनो', गङ्गादेवी कसजूको 'नागदहका माछा', प्रमोद प्रधानको 'खैरो बकुल्ला', मन्जु ज्ञवालीको 'इम्जाको झस्को' र विजयराज आचार्यको 'रङ्गीन विष' शीर्षक पाँच पुस्तक तयार पारिएका छन्। प्रत्येक पुस्तकमा पाँचपाँच वटा कथा छन्। सबै कथाहरू मुख्य रूपमा माध्यिमक तहका विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको छ।

यी पुस्तक नेपाल सरकार, संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी), अतिकम विकसित राष्ट्रहरूको लागि कोष/विश्वव्यापी वातावरणीय सहुलियत (जिईएफ) – समुदायमा आधारित बाढी तथा हिमताल विस्फोटन जोखिम न्यूनीकरण आयोजनाको संयुक्त प्रयासमा तयार पारिएको हो। वातावरणीय विषयमा कथा लेखन कार्यशाला संचालनदेखि पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनको जिम्मा दिएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र सबै सम्बन्धित निकायहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छ। साथै प्रशिक्षक तथा सम्पादक विनयकुमार कसजू, भाषा सम्पादक प्रमोद प्रधान, चित्र संयोजक कलाकार एकाराम सिंह, चित्रकारहरू युवक श्रेष्ठ, रवीन्द्र मानन्धर, पल्पसा मान्धर र अर्पिता शाक्य तथा पाँचै जना लेखकहरूलाई धेरै धन्यवाद।

**बालवाङ्मय तथा अनुसन्धान केन्द्र**

# प्राक्कथन

समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण आयोजना नेपाल सरकारको उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तरगतको जल तथा मौसम विज्ञान विभाग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) तथा अतिकम विकसित राष्ट्रहरूको लागि कोष (एलडीसीएफ)/विश्व वातावरणीय सहुलियत (जीईएफ) को संयुक्त तत्वावधानमा सञ्चालित आयोजना हो । यस आयोजनाले नेपालको सबैभन्दा नाजुक अवस्थामा रहेको खम्बु क्षेत्रको इम्जा हिमताल विस्फोटनको आसन्न त्रासलाई न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । साथै यसले नेपालको तराईका सबैभन्दा अतिसंवेदनशील चार जिल्लाहरूमा बारम्बार आइरहने बाढीको खतरा सामना गर्न समुदायको क्षमता अभिवृद्धि काममा सहयोग गरेको छ ।

कार्यान्वयनको समयमा आयोजनाले समुदायसँग मिलेर प्रकोपजन्य जोखिमका प्रभावहरू, जोखिमबाट बच्न गरिने पूर्व तयारी तथा जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि गर्ने जस्ता विषयमा व्यापक अनुभव र ज्ञान संगालेको छ । आयोजनाले यस्ता केही मुख्य सिकाइहरूको राम्ररी अभिलेखन गरी सरोकारवालाहरूलाई त्यसको बारेमा सुसूचित गरेको छ ।

यसै सन्दर्भमा जलवायु परिवर्तन तथा वातावरणको हाम्रो जीवनमा पर्ने प्रभाव तथा त्यसलाई न्यूनीकरण गर्ने उपायहरूका बारेमा माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई बुझाउन सघाउने केही शैक्षिक सामग्री तयार पार्ने लक्ष्य रहेको थियो ।

तदनुरूप आयोजनाले हाल माध्यमिक तहका विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूका लागि सरल रूपमा वातावरणका विविध पक्ष र जलवायु परिवर्तनका असरहरूका बारेमा शिक्षित गर्ने उद्देश्यले विभिन्न पाँच भागमा कथाहरूको संग्रह प्रकाशित गरेको छ ।

यी कथाहरूले बालबालिकाहरूलाई जीव, जलवायु र वातावरणको अन्तर सम्बन्धको बारेमा सोच्न प्रोत्साहित गर्ने छ र भविष्यको लागि वातावरण जोगाउन प्रेरणा दिने छ भन्ने हाम्रो विश्वास छ ।


यी कथाहरू तयार पार्न तथा पुस्तकहरू छाप्न र वितरण गर्न अथक सहयोग पुऱ्याएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र (सीएलआरसी) लाई हामी सहृदय धन्यवाद दिन्छौँ ।

डा. ऋषिराम शर्मा
महानिर्देशक
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

विजय प्रसाद सिंह
सहायक राष्ट्रिय निर्देशक
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
(यु.एन.डी.पी.), नेपाल

# विषय सूची


| | |
|---|---|
| आफ्नो माया आफैले गर्नुपर्छ | १ |
| रिचार्ज | ५ |
| रङ्गीन विष | ११ |
| इबुक | १८ |
| माछा सर | २३ |
| परिशिष्ट | |
| १. पृथ्वीका संसाधन र तिनको संरक्षण | २९ |
| २. पारिभाषिक शब्दावली | ३२ |



# आफ्नो माया आफैंले गर्नुपर्छ

"हामीले सधैँभरि पौठेजोरी खेल्दा पनि यी मान्छेलाई गलाउन सकेनौँ । तिमीले त एकै झट्कामा महाविनाश गर्‍यौ । त्यसैले त मानिसहरू तिमीलाई विनाशकारी भन्छन्," घाम, पानी र हुरीले भूकम्पलाई भने ।

"मैले कसैलाई केही गरेको छैन । आफ्नो कर्तव्य पूरा गरेको छु । मानिसहरू अरू बेला मेरो वास्तै गर्दैनन् । अनि मैले आफ्नो कर्तव्यपालन गर्दा विनाशकारी भन्छन्," भूकम्प रिसले भुतभुतायो ।

"हजारौँ मान्छे मार्ने, लाखौँ घर भत्काइदिने तिमीलाई विनाशकारी नभनेर ज्ञानी भन्ने त ?" हुरीले जिस्काउँदै भन्यो ।

"जति ठूलो पहिरो गए पनि तिमीले जति त मैले कहिल्यै नोक्सान पुर्‍याएको छैन," पहिरोले भन्यो ।

"पहिरोबाट जोगिन मानिसले अनेक उपाय गर्छन् । यसैले मानिसलाई धेरै नोक्सान हुँदैन । तर तिमीले वातावरणलाई कति नोक्सान पुऱ्याउँछौ थाहा छ ? बस्ती, पखेरो, जङ्गल उजाड पार्छौ । वातावरण बिगार्ने तिमी मुख्य कारक हौ बुझ्यौ ?" भूकम्पले भन्यो ।

"जति जोडले र जति धेरै पानी परे पनि, जति ठूलो बाढी आए पनि, असिना परे पनि, खेतबारी बगाए पनि मैले तिमीले जस्तो हानि पुऱ्याउन सक्तिन," पानीले भन्यो ।

"जे भए पनि तिमीहरू सबै वातावरण विनाश गर्ने कारक त हौ," भूकम्पले भन्यो । "म त पृथ्वीको सतहमा परिवर्तन गरेर यसलाई सुन्दर र विविधतायुक्त बनाउने प्राकृतिक शक्ति हुँ । म नभएको भए पृथ्वीमा न त पहाड हुन्थ्यो न नदी र तालहरू हुन्थे । पृथ्वीमा मानव जातिको अस्तित्व हुनुभन्दा पहिलादेखि म सक्रिय छु ।"

"त्यसो भए नेपालको हिमाल, पहाड र तराई तिमीले नै बनाएको हो त ?" हावाले अचम्म मान्दै सोध्यो ।

"अवश्य । अहिले जहाँ नेपाल छ त्यहाँ लाखौं वर्षअघि ठूलो समुद्र थियो । तिमीहरूलाई थाहा छ कि छैन ?" भूकम्पले गम्भीर भएर सोध्यो । "दक्षिणतिरको ठूलो भूभाग उत्तरतिर सर्दै गयो र तिब्बतको भूभागसँग ठोक्किएर पहाड र हिमाल बन्यो । हिमालबाट नदीहरू निस्के । नदीको किनारामा बस्ती बस्यो । मानिसहरूले खेतीपाती गर्न थाले । यसरी सुन्दर नेपाल बनेको हो । मैले नै बेलाबेलामा धक्का दिँदै हिमाल र पहाडलाई अग्लो बनाएको हुँ । दक्षिणबाट बगेर तिब्बततिर जाने मनसुनी हावालाई हिमाल पर्वत खडा गरेर रोकेर नेपालतिर वर्षा हुने व्यवस्था मैले नै गरेको हुँ । अझ तिमीहरू मलाई विनाशकारी भनेर दोष दिन्छौ ?"



"आफैले सुन्दर बनाउने अनि आफै त्यहाँ बसेका मानिसका घर भत्काइदिँदै त्यही घरले च्यापेर मार्ने ? यो केको बहादुरी हो ?" पहिरोले जिस्काउँदै भन्यो ।



"मेरो बानी नबुझेपछि मेरो के लाग्छ ?"

"कस्तो बानी ?"

"म जहाँ बस्छु, त्यस ठाउँमा बस्ती बसाल्न हुन्न । भूकम्पले नभत्काउने घर कसरी बनाउने जस्ता कुरा थाहा पाएर त्यसैअनुसार घर बनाएर बस्ती बसालेको भए मान्छेको केही नोक्सान हुन्नथ्यो । देखेनौ जापानमा कति धेरै भूकम्प जान्छ । तर त्यहाँ मान्छे मऱ्यो भन्ने सुनेका छौ ? मानिसले अरू प्राकृतिक प्रकोपबाट बच्न अनेक उपाय गर्छन् तर मेरो वास्तै गर्दैनन् । मैले मानिसलाई नै दुःख दिन्छु भनेर केही गरेको छैन । मान्छेले आफ्नै कारणले दुःख पाएका हुन्," भूकम्पले स्पष्ट पार्दै भन्यो ।

"त्यस्तो विध्वंश मच्चाएर, लाखौँ मान्छेलाई भोकभोकै आकाशमुनि चौरमा बस्न बाध्य पार्‍यौ, तर पनि केही गरेको छैन भन्छौ ?" चट्याङले भन्यो ।

"मैले भनिहालेँ नि त्यो मान्छेको बुद्धि नपुगेर भएको हो," भूकम्पले भन्यो ।

"हुन त हो । घाम, पानी, हुरी बतासबाट बच्नका लागि त मानिसले घर बनाउँछन् । बाढी र पहिरोबाट जोगिन रुख रोप्छन् । तर भूकम्पबाट जोगिन केही गर्दैनन्," हावाले भन्यो ।

"मेरो किनारमा पर्खाल लगाएर, ठूल्ठूलो रुख रोपेर, तारबार गरेर मानिसले मलाई बाँधिसके । कुन दिन म पनि बहुलाउँछु अनि मानिसले मेरो शक्ति देख्छ," खोलाले रिसाउँदै भन्यो ।

"तिमीहरूबाट मान्छे कति डराउँदा रहेछन् हगि ?" भूकम्पले भन्यो ।

"डराउन त डराउँछन् तर सबै प्रकोपबाट बच्न मान्छेले धेरै उपाय निकालिसके," ढुङ्गा/डढेलोले भन्यो ।

"तिमीहरूबाट मानिसहरू जसरी जोगिन खोज्छन् त्यसरी नै मबाट पनि त्यसै गरेको भए के मानिसले धेरै क्षति बेहोर्नु पर्थ्यो त ?" भूकम्पले दिक्क मान्दै भन्यो ।

"तिमीबाट बच्न के गर्नु पर्थ्यो त ?" हुरीले सोध्यो ।


"म आउँदा जमिन पूरै हल्लिन्छ भन्ने मान्छेले जानेकै थिए । त्यसैले घर पर्खाल, पुल सडक बनाउँदा मेरो धक्का सहन सक्ने बनाएको भए यस्तो विनाशकारी अवस्था भोग्नु पर्थ्यो र ?"

"सबै प्राकृतिक प्रकोपलाई वास्ता गर्ने, मलाई वास्ता नगर्ने भनेर रिसाएको होला हैन तिमी ?" खोलाले सोध्यो ।

"हो त नि यस्तो बेवास्ता गरेपछि रिस उठ्दैन त ?" भूकम्प झनक्क रिसायो ।

"जे भए पनि मानिसले यो संसारलाई सुन्दर बनाउन खोजेका छन् । उनीहरूलाई अलिकति भए पनि माया गर भूकम्प !" घाम, पानी, हुरी, पहिरो र चट्याङले एकै स्वरमा भने ।

भूकम्पले भन्यो, "मैले माया गरेर कोही जोगिने, माया नगरेर मर्ने हुँदैन । मेरो प्रभाव सबै ठाउँमा बराबर हुन्छ । वास्तवमा मानिस आफैले आफ्नो माया गर्नुपर्छ ।"



# रिचार्ज

आइतबारको दिन स्कुलको प्राङ्गणमा नियमित कार्यक्रम सकेर हरि सर हातमा हाजिरी रजिस्टर बोकेर सातौँ कक्षामा प्रवेश गर्दा चर्पीको दुर्गन्धले नाकै फुट्लाजस्तो भयो ।

कक्षा सातको कोठाको ठिक अगाडि शौचालय थियो ।

"छ्या कति साह्रो गन्हाएको । मेरो त नाकै फुट्लाजस्तो भयो । तिमीहरूलाई गन्हाएको छैन ?" भन्दै उहाँले खल्तीबाट रुमाल झिकेर नाक मुख छोप्नुभयो । उहाँले विद्यार्थीहरूलाई हेर्नुभयो । ढोकाबाहिर मात्रै हैन कोठाभित्र पनि दुर्गन्ध फैलिएको थियो । धेरैजसो विद्यार्थीले हातले नाक थुनेका थिए भने केही विद्यार्थीले भुइँमा थुकिरहेका थिए ।



हरि सर स्वास्थ्य शिक्षा पढाउने शिक्षक हुनुहुन्थ्यो । उहाँले हाजिर गर्न नाम बोलाउन खोज्नु भयो । तर मुख खोल्न सक्नु भएन ।

"यस्तो गन्हाउने कोठामा कसरी पढ्ने सर ?" एक जना विद्यार्थीले मुख छोप्दै भने ।

"यहाँ पढ्नुभन्दा त हामी घरमै बसेर पढ्छौँ सर," अर्को विद्यार्थीले भने ।

सरले भन्नुभयो, "ठिक हो । यहाँ बसेर पढ्न सकिन्न । बाहिर चौरमा आँपको रुखमुनि बसेर पढ्ने आज । तिमीहरू चौरमा जाँदै गर म हेडसरलाई भेटेर आउँछु ।

विद्यार्थीहरू हल्ला गर्दै चौरतिर गए । अरू कक्षाका विद्यार्थीहरूले अचम्म मान्दै हेरिरहेका थिए ।

सात कक्षाका विद्यार्थी किन बाहिर निस्के भन्ने कुरा हेड सरलाई चासो हुने भइहाल्यो । उहाँ आफै सात कक्षा कोठातिर जाँदै हुनुहुन्थ्यो हरि सरसँग जम्काभेट भइहाल्यो ।

"आज किन विद्यार्थीलाई बाहिर निकाल्नु भएको ?" हेड सरले छक्क पर्दै अलि कडाइका साथ सोध्नुभयो ।

"कक्षा कोठा गन्हाएर बसीनसक्नु छ सर । सर आउनु भयो । आफै हेर्नुस् न सर," हरि सरले भन्नुभयो ।

हेड सर र हरि सर कक्षा कोठामा जानु भयो । तर भित्र पस्न सक्नु भएन । हेड सरले नाक छोप्दै सोध्नुभयो, "कसरी यस्तो भयो ? कहाँबाट यस्तो गन्ध आयो ?"

हरि सरले शौचालयतिर औँल्याउँदै भन्नुभयो, "त्यताबाट हो सर । जाउँ हेर्न ।"

तर हेड सरले शौचालयमा जाने आँट गर्नु भएन । उहाँले परिचरलाई बोलाएर सफाइ कर्मचारीहरूलाई बोलाउन लगाउनु भयो ।

तुरुन्तै हेड सरको अगाडि तीन जना सफाइ कर्मचारी उपस्थित भए ।

हेड सरले रिसाउँदै भन्नुभयो, "के हो तिमीहरूको चाला ? यस्तो गन्हाउँदा पनि चुप लागेर बस्ने ? तीन/तीन जना कर्मचारी भएर पनि ट्वाइलेटको यस्तो हालत ?"

"पानी नै छैन के गर्ने सर । इनार सुकेर एक थोपा पानी आउँदैन । ट्याङ्करको पानी किनौँ भन्दा लेखापाल मान्नु हुन्न । हामीले के गर्ने ?" सफाइ कर्मचारीहरू उल्टै टक्टकिए ।

"इनारमा पानी छैन रे ! सहरमा बाँड्ने पाइपको पानीको भर हुन्न भनेर त्यत्रो खर्च गरेर स्कुलभित्रै गहिरो इनार खन्न लाएको के भयो ? इनार खन्नेले त दस वर्षको लागि पानीको दु:ख हुन्न भन्थे । कसरी यस्तो भयो ? पानी तान्ने मोटर बिग्रेर हो कि ?" हेड सर छक्क पर्नुभयो ।

"पानी भए पो तानोस् ।"



कर्मचारीको कुरा हेड सरलाई विश्वास लागेन । हरि सरलाई लिएर उहाँ इनार हेर्न जानुभयो । पछिपछि कर्मचारीहरू लागे ।

साँच्चै इनारको पिँधमा टल्केको सुक्खा बालुवा देखियो । पानी कत्ति पनि देखिएन ।

"कसरी यस्तो भयो ?"

"हाम्रो स्कुलसँगैको गोपालमानले बारीमा इनार खनेपछि हाम्रो इनारमा पानी घट्न थालेको थियो । अहिले त उनको इनारमा पनि पानी छैन । हिजो हामीसँग पानी माग्दै थियो," एक जना कर्मचारीले भने । "हाम्रो इनारभन्दा धेरै गहिरो खनेको । अहिले त पानीको थोपो छैन भन्थ्यो, सर । के भएको होला यस्तो !"

"यो त गम्भीर कुरा भयो । उसले इनार खने पछि हाम्रो इनार सुक्यो भनेको त उसको पनि सुकेछ !" हेड सरले अचम्म मान्दै भन्नुभयो र अफिसतिर लाग्नु भयो ।

दिउँसो स्टाफ मिटिङ थियो । सबै शिक्षक आएपछि हेड सरले भन्नुभयो, "हाम्रो इनारमा चक्रक्कै पानी सुक्यो । छिमेकी गोपालमानजीको इनारमा पनि पानी छैन रे । के कारणले यस्तो भयो होला ? पानीको समस्या कसरी समाधान गर्ने होला ?"


"नाग रिसायो भने पानीको मूल सुक्छ भन्छन् । स्कुलले नागको पूजा नगरेको धेरै भयो । इनारको छेउमा नागको थान बनाएर पूजा गरे पानी आउँथ्यो कि ?" केशव सरले भन्नुभयो ।

"विज्ञानको जमानामा पनि यस्तो कुरा गर्नुहुन्छ ? जमिनभित्र पानी भएन भने नाग त के कसैले पनि पानी ल्याउन सक्तैन," हरि सरले भन्नुभयो । "बरु विज्ञान पढाउनु हुने कृष्ण सरले केही उपाय सुझाउन सक्नुहुन्थ्यो कि ?"

सबैले कृष्ण सरतिर हेरे । कृष्ण सरले भन्नुभयो, "हाम्रै गल्तीले गर्दा यस्तो भएको हो ।"

"हाम्रो गल्ती रे ? हामीले के गल्ती गऱ्यौं र सर ?" केशव सरले सोध्नुभयो ।

"कुरा स्पष्टै छ नि । जमिनभित्र पानी भए इनारमा आउँछ नत्र आउँदैन," कृष्ण सरले भन्नुभयो । "जमिनभित्र पानी आफै उम्रँदैन । वर्षाको पानी जमिनमा सोसिएर तल बालुवा, माटो, गग्रेटो र चट्टानको बीचमा जम्मा हुन्छ । त्यही पानी इनारमा रसाएर निस्कन्छ । तर अचेल वर्षाको पानी जमिनभित्र जाने ठाउँ नै कहाँ बाँकी





रह्यो र ! जताततै घर बने । आँगनहरूमा पनि सिमेन्ट प्लास्टर गरेको छ । पानी जमिनमा पस्ने अर्को बाटो भनेको रुख बिरुवा हो । अहिले हाम्रो वरिपरि हरियाली देख्न पाइन्न । वनजङ्गल हेर्न सहरबाहिर जानुपर्छ । यस्तो अवस्थामा इनारमा कसरी पानी आउँछ ? नागको के कुरा इन्द्रकै पूजा गरे पनि पानी आउँदैन ।"

"के अब हाम्रा इनारमा कहिल्यै पानी आउँदैन ?" हेड सरले निराश हुँदै सोध्नुभयो । "हाम्रो लगानी सबै खेर गयो त ?"

"यसको लागि उपाय गर्नुपर्छ । पानी नआउने त कुरै छैन," कृष्ण सरले जवाफ दिनुभयो ।

"के उपाय गर्नुपर्छ । कसरी आउँछ पानी ?" हेड सरले उत्साहित हुँदै सोध्नुभयो ।

"जमिनभित्र ढुङ्गा, माटो, बालुवा र चट्टानमा एउटा लेबल वा तहसम्म चिस्यान वा पानी हुन्छ । यसलाई वाटर टेबल भनिन्छ । विभिन्न ठाउँको वाटर टेबलको लेबल फरक हुन्छ । मौसमअनुसार पनि लेबल फरक हुन्छ । वाटर टेबलभन्दा तलसम्म खन्यो भने मात्रै इनारमा पानी आउँछ । वर्षाको पानी जमिनमुनि जान पायो भने यो तह बढ्छ, नत्र घट्छ । पानी जमिनमा पठाउने काम रुख बिरुवाहरूले पनि गर्छन् । गाउँमा वर्षाको पानी सँगाल्ने ठूलाठूला पोखरीहरू हुन्छन् जहाँ गाई भैँसी नुहाउँछन् । पोखरीमा जम्मा भएको पानी सबै जमिनभित्र जान्छ । यो एक प्रकारको रिचार्ज गर्ने तरिका हो जो हाम्रा पुर्खाले जानेका थिए । हामीले जमिनमा पानी रिचार्ज गर्‍यौँ भने फेरि इनारहरूमा पानी आउँछ," कृष्ण सरले भन्नुभयो ।

"मोबाइल फोन रिचार्ज गरेझैँ जमिनमा पानी रिचार्ज गर्ने ? कसरी गर्ने ?" हेड सरले सोध्नुभयो ।

"हामीले वर्षातको पानी र उपयोग गरेको पानी जमिनभित्र पठाउने उपाय गर्नुपर्छ सर," कृष्ण सरले भन्नुभयो । "साथै खाली जमिनमा रुख बिरुवा रोप्नुपर्छ । रिचार्ज भएपछि जमिनमुनि पानीको मात्रा बढ्दै जान्छ । त्यसपछि बिस्तारै इनारमा पानी जम्मा हुन थाल्छ ।"

"कृष्ण सरको कुरा मलाई उचित लाग्यो । अब हाम्रो स्कुलमा एउटा पोखरी खन्नु पर्‍यो । त्यसमा आकाशको पानी सबै सङ्कलन गर्ने व्यवस्था गर्नु पर्‍यो । म छिमेकी गोपालमानजी र अरूलाई पनि वर्षाको पानी सङ्कलन गर्ने र जमिनमा पानी रिचार्ज गर्न अनुरोध गर्छु," हेड सरले गम्भीर हुँदै भन्नुभयो ।

वर्षा सुरु हुनभन्दा पहिले स्कुलका पोखरी खनियो । छिमेकी गोपालमानले पनि बारीमा पोखरी खने । अरू केही छिमेकीले पनि पोखरी खने । पोखरीमा जम्मा भएको पानी ढुङ्गा र माटोमा छानिँदै बिस्तारै जमिनमुनि जान थाल्यो । केही दिनपछि इनारमा पानी रसाउन थाल्यो ।



# रङ्गीन विष

“दसैं आउन लाग्यो । सेतो माटो र चुना किनेर ल्याउने हैन ? घरको लिपपोत गर्न ढिलो भइसक्यो ?” सावित्रीले भनिन् ।

आमाको कुरा सुनेर उमङ्गले भन्यो, “माटो र चुनले लिप्ने बेला गयो आमा । साथीहरूको घरमा रङ्गीचङ्गी पेन्ट लगाएर कस्तो राम्रो देखिएको छ । हाम्रो घर पनि त्यस्तै पेन्ट लगाउनु पर्छ बा !”

“लाउन त हुन्थ्यो नि बाबु, तर पेन्टमा पाइने लेड अर्थात सिसाजस्ता घातक रसायनहरूले बिसन्चो गराउँछ भन्छन् । खै के गर्ने ? अर्काको घर चहकिलो गरी रङ्गाएको देख्दा रहर लाग्छ । तर स्वास्थ्यलाई हानि गर्छ भनेपछि के गर्ने भनेर निधो गर्न सकेको छैन,” उमङ्गका बुबा सीतारामले भने ।

"हानि गर्ने भए अरूले किन लगाउँथे र बा ? सरकारले पनि त रोक्थ्यो नि," उमङ्गले उत्साहित हुँदै भन्यो । "पेन्टले हानि हुने भए सिनेमाका नामी कलाकारहरूले किन यसको प्रचार गर्थे र । उनीहरूले आफ्नै जिउमा पनि पेन्ट लगाएको विज्ञापन देख्नु भएन र ? पेन्ट लगायो भने पानी परे पनि बगेर जान्न, घामले सुकाए पनि उडेर जान्न । धेरै वर्ष खप्छ रे । वर्षेनी लिप्नु पनि परेन । "

आमालाई यो कुरा चित्त बुझेन । उनले भनिन्, "पेन्टले बिसन्चो गर्छ भन्दाभन्दै किन लाउनु पर्‍यो । लौ बाबु छोराले मिलेर जे गर्ने गर । पेन्ट लायो भने मलाई पनि हाइसन्चो । लिप्नै परेन ।"

तर सावित्रीको कुरा उनीहरूले सुन्न खोजेनन् । सीताराम र उमङ्ग पेन्ट किन्न गए ।

पेन्ट पसलेले उनीहरूलाई विभिन्न कम्पनीका विभिन्न रङ देखाउँदै भने, "राम्रो क्वालिटीको पेन्ट लगउने भए यो कम्पनीको लैजानुस् । यो पेन्ट लाएपछि पाँच वर्षलाई ढुक्क भइन्छ ।"

"टेलिभिजनको विज्ञापनमा देखाउने पेन्ट छैन । चम्किलो र वर्षौंसम्म टिक्ने भनेर प्रचार गर्छन् नि । त्यो कम्पनीको छैन तपाईंकहाँ ?" सीतारामले पसलको टाँडतिर हेर्दै सोधे ।

"छ नि । किन नहुनु । सस्तो खोज्नु भएको हो भने यो कम्पनीको लैजानुस् । टेलिभिजनको विज्ञापनमा सुपर स्टार र हास्य कलाकारहरूले देखाउने पेन्ट यही हो । अर्को कम्पनीको पनि छ," पसलेले टाँडबाट पेन्टको डब्बा झिक्दै भने ।

"हमजोडी भन्ने कलाकारले पेन्टको भाँडामा हामफाल्दा शरीर कस्तो राम्रो देखिएको थियो !
त्यो पेन्ट छैन ?" शिवरामले सोधे ।

पसलेले टाँडबाट पेन्टको डब्बा निकाल्दै भने, "तपाईंले भन्नुभएको कलाकारले खेलेको विज्ञापनमा देखाइएको पेन्ट यो हो । यो केही सस्तो पनि छ टिकाउ पनि छ ।"

"हैन त्योभन्दा राम्रो त सुपर हिरो राकेश कमालले खेलेको विज्ञापनको पेन्ट राम्रो हुन्छ होला । त्यो पेन्ट लायो भने घरमात्रै हैन घरमा बस्ने मानिसहरूको पनि शान बढ्छ भन्छन्," उमङ्गले भन्यो ।

"ती दुवै उस्ताउस्तै हुन् । चम्किलो अनि धेरै वर्ष टिक्ने," पसलेले भने ।

पसलेले राम्रो गुणस्तरको पेन्ट र चम्किलो खालको पेन्टको मोल सुनाएपछि सीतारामको मनमा खुल्दुली जाग्यो । उनले सोधे, "पेन्ट चहकिलो, धेरै वर्ष टिक्ने र ग्यारेन्टी पनि धेरै वर्षको छ भने मानिसहरूले किन अर्को पेन्ट किन्छन् ? कुरा बुझिएन नि साहुजी !"

पसलेले कपाल कन्याउँदै भने, “खै तपाईंहरूलाई के ढाँट्नु !, खासै सस्तो पनि होइन ! सस्तो खाले पेन्टमा लेड अर्थात् सिसा मिसाइएको हुन्छ भन्छन् । त्यसैले स्कुल, अस्पताल, फर्निचर तथा घरहरू रङ्गाउने सबै खाले पेन्टहरूमा नेपाल सरकारले लेडको अधिकतम मात्रा ९० पि.पि.एम.भन्दा बढी हुन नहुने भनी मापदण्डसमेत तोकेको छ । उक्त मापदण्डभित्रका पेन्टहरूमात्र प्रयोग गर्न सूचनासमेत जारी गरेको छ ।”

पसलेको कुरा सुनेर सीताराम र उमङ्ग अलमलमा परे । सीतारामले सोधे, “हैन एक लिटर पेन्टले कति एरिया पेन्ट गर्छ साहुजी । हाम्रो घरमा पेन्ट गर्न कति चाहिन्छ हिसाब निकालौं न ।”

“तपाईंहरूले सस्तो पेन्ट किन्न खोज्नु भएको होला । थोरै सस्तो भनेर के गर्ने, राम्रो गुणस्तरीय पेन्टले बढी क्षेत्रफल रङ्गाउँछन् पनि र स्वास्थ्य एवम् वातावरणका लागि हानिकारक पनि हुँदैन ।”

उमङ्गले भन्यो, “सुपर हिरो राकेश कमालले वा हँसाउने कलाकार अङ्कलहरूले विज्ञापन गरेकै पेन्ट लिने नि बा ।”

“लौ त्यसो भए छोराले भनेकै पेन्ट दिनुस् । हाम्रो घरको लम्बाइ चौडाइ यो कागतमा छ । कति लाग्छ हिसाब निकाल्नुस् त,” सीतारामले खल्तीबाट कागत निकालेर पसलेलाई दिए ।

पेन्ट लगाएपछि उमङ्गको घर टाढैबाट टक्लक्क चिनिने भयो । उमङ्गका आमाबा पनि खुसी भए । उनीहरूले घरभित्र कोठाहरूमा पनि पेन्ट लगाउने निधो गरे र पेन्ट किनेर ल्याए ।

घरबाहिरका भित्तामा पेन्ट लगाउँदासम्म उनीहरूलाई पेन्टको गन्ध नमिठो लागेको थिएन । कोठामा पेन्ट लगाउन थालेपछि भने पेन्टको गन्धले उनीहरूलाई कोठाभित्र बसिरहन गाह्रो हुन थाल्यो । दिउँसो बाहिर निस्के पनि राति त कोठामा सुत्नै पर्‍यो । पहिलो दिन बास्ना आउने धूप बालेर सुते ।

केही दिनपछि पेन्टको गन्धको बानी पर्‍यो । दसैंको रमझममा उनीहरू भुले । कसैले पनि गन्धको वास्ता गरेनन् ।

आफूहरूको रोजाइको पेन्ट लगाउन पाएकोमा सीताराम बाउछोरा फुरुङ्ग थिए । टोल छिमेकमा पेन्टको प्रचार गर्ने कलाकार कमालले भनेझैँ आफ्नो इज्जत र शान बढेको उनीहरूले महसुस गरे । तर सावित्री भने त्यति खुसी थिइनन् ।

चाडबाड सकेर स्कुल जान थालेको केही दिनमा उमङ्ग स्कुलबाट घरमा पुग्ने बित्तिकै झोला भुइँमा फ्याँकेर खाटमा गएर भक्लक्क पल्टियो ।

“के भो छोरा तिमीलाई ?” सीताराम र सावित्रीले एकैसाथ टाउको र खुट्टा छाम्दै सोधे ।

“हेर्नुस् त जिउ कस्तरी तातेको !” सावित्रीले आत्तिँदै भनिन् ।

"बाबा, आमा, मलाई त साह्रै गाह्रो भयो । छातीमा ठूलो ढुङ्गा राखेजस्तै गहुङ्गो भएको छ । टाउको फुट्लाजस्तै दुःखेको छ । स्कुलमा पढ्नै मन लागेन," उमङ्गले रुँलाफैँ गरेर भन्यो । आजकल पढेको कुरा चाँडै बिर्सिन्छु, सम्झनै सकिन्न । आज परीक्षाको रिजल्ट पनि आयो । पहिलाको भन्दा धेरै कम नम्बर आयो ।

"तिमीलाई जे भएको छ मलाई पनि त्यस्तै भएको छ । खट्नै नसकेर अफिसबाट हाफ छुट्टी लिएर आएको । जिउमा आलस्स छाएको छ । हाइ मात्र आउँछ । काम गर्ने जाँगर लाग्दैन," सीतारामले दुःखी हुँदै भने ।

"होइन सुपर हिरो र कलाकारहरूले विज्ञापन गरेको पेन्ट लगाउँदा शान बढ्छ, खुसी फैलिन्छ भन्थ्यौ । किन बाउछोरा नै लथ्रक्क परेको ? हुँदाहुँदा उमङ्गको पढाइ पनि खस्किँदै गयो" सावित्रीले भनिन् ।



"ममी मलाई त गाह्रो भयो । सास फेर्न गाह्रो हुन थाल्यो," उमङ्गले स्याँ स्याँ गर्दै भन्यो ।

उमङ्गको पीडा देखेर आमाबाबु आत्तिए । उनीहरूले तत्काल एम्बुलेन्स बोलाए र उमङ्गलाई अस्पताल लगे ।

अस्पतालमा डाक्टर सुमन्तले लामो समय लगाएर जाँचे र सिनियर डाक्टर सरोजसँग भने, "सेम केश ।"

"कलाकारहरूकै जस्तो ?" डा. सरोजले सोधे ।

"एस सर । सेम केश," डा. सुमन्तले जोड दिँदै भने ।

"त्यसो भए त्यही वार्डमा भर्ना गरिदिनुस्," डा. सरोजले निर्देशन दिए, "कलाकारहरू आफू त बिरामी भए भए अरूलाई पनि बिरामी बनाउने भए ।"

बिरामी राख्ने वार्डमा लैजानुभन्दा पहिले डा. सुमन्तले भने, "यिनको शरीरभित्र लेड पसेजस्तो छ । यसबाट थप नोक्सान नहोस् भनेर बिरामीलाई केही दिन अस्पतालमा राखेर उपचार गर्नुपर्छ ।"

डाक्टरको कुरा सुनेर उनीहरू झसङ्ग भए । सिसा हालेर बनाएको पेन्ट चहकिलो र टिकाउ हुन्छ भनेको उनीहरूले सम्झे ।

"यो सिसा भनेको के हो ? अनि यो शरीरमा कसरी प्रवेश गर्छ डाक्टर साप ?" सीतारामले सोधे ।

"सिसा भनेको एक प्रकारको गह्रुँगो घातक धातु हो । बन्दुकको गोली बनाउन, पेन्ट, खेलौना र शृङ्गारका सामान, कस्मेटिकहरूमा पनि यसको प्रयोग गरिन्छ । अहिले बजारमा पाइने र बढी विज्ञापन गर्ने विभिन्न पेन्टहरूमा सिसाको मात्रा अत्यधिक पाइएको छ । सिसा शरीरभित्र छाला, हावा, पानी र खानाको माध्यमबाट पस्छ । स्कुल वा घरका भित्ता, फर्निचर, भाँडाकुँडा, कलात्मक सामान तथा खेलौनामा त्यस्तो पेन्ट लगाइएको छ भने घर वा कक्षाकोठाको धुलो र हावामा लेडको कणहरू मिसेर छाला नाक, मुखबाट शरीरभित्र पस्छ र रगतमा पुगी शरीरको विभिन्न भागमा पुगी हानि पुऱ्याउँदछ," डा.सुमन्तले स्पष्ट पारे ।

"शरीरमा पसेको सिसालाई निकाल्ने कुनै उपाय छैन त ?" सीतारामले दबिएको स्वरमा भने ।

"सिसा शरीरमा पस्यो भने निकाल्नै सकिन्न । यसको असर जसको शरीरमा प्रवेश गरेको छ त्यसलाई मात्र नभएर पुस्तौँसम्म पर्न सक्छ," डाक्टर सुमन्तले थप स्पष्ट पारे ।

डाक्टरको कुरा सुनेर सीताराम र उमङ्गले एकअर्काको मुखमा हेरे तर केही बोलेनन् । "विज्ञापनको भर पर्दा यस्तो भयो !" सावित्रीले यति भनेर घोप्टो मुन्टो लगाइन् ।



अस्पतालका कर्मचारीले उनीहरूलाई वार्डमा पुऱ्याए । त्यहाँको वातावरण देखेर उमङ्ग दङ्ग पऱ्यो ।

त्यहाँ एक जना बिरामीको वरिपरि धेरै मानिस उभिएका थिए ।

केको भीड होला भनेर सीतारामले हेरे । त्यहाँ त सुपरस्टार राकेश कमाल बिरामीको खाटमा पल्टिरहेका रहेछन् । त्यसभन्दा परको अर्को बेडमा कलाकार हमजोडी पल्टेका थिए ।

"हैन यहाँ त फिल्मको सुटिङ हुन लागेजस्तो छ । सुपरस्टार कमाल र हमजोडीहरू आएका छन् हेर त !" सीतारामले सावित्रीलाई भने ।

बुबाको कुरा सुनेर उमङ्ग पनि हेर्न उत्सुक भयो । उसले ओछ्यानमा बसेर टाउको उचालेर हेऱ्यो ।

टेलिभिजन र चलचित्रको पर्दामा देखेका हिरोहरूलाई आफ्नै अगाडि देख्दा उमङ्ग फुरुङ्ग पऱ्यो । उसले महानायक राकेश कमाल र हमजोडीलाई पालैपालो हेऱ्यो । उसले आफू बिमारी भएर त्यहाँ आएको कुरा चटक्कै बिर्स्यो । ऊ खाटबाट ओर्ल्यो । विस्तारै सुपरस्टार कमालको छेउमा पुग्यो र सोध्यो, “आज अस्पतालमा फिल्मको सुटिङ छ हो अङ्कल ?”

उमङ्गको प्रश्न सुनेर सुपरस्टार कमाल अक्क न बक्क भए । उनको पीडामाथि झन् पीडा थपेजस्तै भयो । उमङ्गको ध्यान अन्यत्र लैजान उनले सोधे, “बाबु किन अस्पताल आएको ?”

त्यही बेला डाक्टर सुमन्त वार्डमा आइपुगे । भिडलाई पन्छाउँदै उनी राकेश कमालको नजिक पुगे । त्यहाँ उमङ्गलाई देखेर उनले सोधे, “बाबु, आफ्नो बेडमा नबसेर किन यहाँ आएको ? अङ्कलको पनि तिम्रोजस्तै केस हो । उहाँको रगतमा पनि सिसा प्रवेश गरेकोले थला पर्नु भएको छ ऊ....., अर्को बेडका बिरामी अङ्कलहरूले त पेन्टमा पुरै शरीरै डुब्नेगरी विज्ञापन खेलेकाले उहाँहरूको रगतमा पनि लेडको परीक्षण गर्न पठाएको छु ।”

”अङ्कलहरूले विज्ञापनमा भनेर त हो नि हामीले घरमा त्यसै कम्पनीको पेन्ट लाएको !” उमङ्गको मुखबाट बालसुलभ सत्य निस्क्यो ।

आफ्नो कारणले उमङ्गजस्तो कलिलो बालक पनि सिसाको सिकार भएको थाहा पाएर राकेश अङ्कलको मन साह्रै दुख्यो । आँखाबाट बगेर गालामा पुगेको आँसु पुछ्दै उनले भने, “मलाई माफ गर बाबु ।”

उनले डाक्टर सुमन्ततिर हेर्दै भने, “डाक्टरसाब हामी स्वार्थी व्यापारीको जालमा पऱ्यौँ । घातक छ भनेर होइन उमङ्ग ल्याउँछ भनेर विज्ञापनमा खेलेका हौँ । पेन्ट उद्योगीहरूले पेन्टमा सिसा हुन्छ भनेनन् । हामीले पनि सोधेनौँ । सरकारले तोकेको मापदण्ड, ऐन कानूनहरूबारे जान्न खोजेनौँ । तुच्छ स्वार्थले गर्दा हामीले समाजप्रतिको हाम्रो दायित्व पनि बिर्स्यौँ । यस्तै नानाथरीका विज्ञापनले गर्दा लाखौँ बालबालिका र आम जनताको जीवन खतरामा पर्ने भयो । अब हामीले मानिसको स्वास्थ्यमा र वातावरणमा असर गर्ने कुनै पनि वस्तुको विज्ञापन गर्दैनौ भनेर टेलिभिजनबाटै सार्वजनिक रूपमै माफी माग्छौँ ।”

बोल्दाबोल्दै उनले दाह्रा किटे । उनको शरीरमा खलखली पसिना आयो । उनले उमङ्गलाई टोलाएर हेरिरहे । उनका आँखाबाट आँसका धारा बगिरहे ।

# इबुक

"बाबा, मलाई ल्यापटप चाहियो," स्कुलबाट आउँदा आउँदै समिरले भन्यो ।

"किन चाहियो तँलाई ल्यापटप ? पढ्नु सढ्नु छैन ?" हरिशरणले झर्किँदै भने ।

"अब हाम्रो स्कुलमा ल्यापटपबाट पढ्ने रे ! ल हेर्नुस् सबै कुरा यो चिठीमा छ," समिरले विद्यालयबाट पठाएको पत्र बुबालाई दिँदै भन्यो ।

पत्र पढ्दा पढ्दै हरिशरणको निधारबाट पसिना आउन थाल्यो । चिठी सबै पढिसकेपछि उनले भने, "अब पुस्तकको सट्टा इबुकबाट पढाइ हुन्छ रे ! पुस्तक नै नचाहिने भएपछि मेरो प्रकाशन कम्पनी के हुन्छ ! मलाई जोगी बनाउने भयो स्कुलले !"

"किन आत्तिनु भएको बाबा तपाईं ? ल्यापटप किनेपछि मलाई किताब, कापी के ही किनिदिनु पर्दैन । म अब ल्यापटपमै पढ्छु । त्यसैमा लेख्छु । होमवर्क गर्छु । अब कापी, किताबको भारी बोक्नु पर्दैन । ल्यापटप बोक्यो स्कुल गयो !" समिरले खुसी हुँदै भन्यो ।

"अहिले त हाम्रो मोबाइलमा के के जाति गेम खेलेर हैरान पार्छस् । ल्यापटप पाएपछि झन केके गर्ने हो !" आमा राधिकाले चिन्तित हुँदै भनिन् ।



"तँलाई छोराको मात्रै चिन्ता छ । प्रकाशन कम्पनी नै बन्द भएपछि के काम गर्ने ? बीस वर्षदेखि गर्दै आएको व्यवसाय बन्द हुने भयो । यसबारे सोचेकी छौ ?" हरिशरणको गोरो अनुहार रातो भयो ।

बाबाको कुरा सुनेर समिर अलिकति गम्भीर भयो । उसले भन्यो, "भोलि यस विषयमा अभिभावकहरूसँग छलफलको कार्यक्रम छ रे । हेड सरले कुनै कुरामा शङ्का लागे स्कुलमा बोलाउनु भन्नु भएको छ । बाबा स्कुलमै गएर बुझौँ न ।"

"किन जाने त्यो स्कुलमा ? हामीले गरेर खाएको देखी नसकेर किताबको सट्टा ल्यापटप चलाउने रे । अब तेरो लागि अर्कै स्कुल खोज्छु !" हरिशरणले नाकका पोरा फुलाउँदै भने ।

"यो कुरा हाम्रो स्कुलमा मात्रै गर्न लागेको हैन बाबा ! अब सबै स्कुलमा ल्यापटपबाट पढाइ हुन्छ," समिरले भन्यो ।

छोराको कुरा सुनेर हरिशरण झन् चिन्तित देखिए । उनको ओठकाँपि रह्यो । बोल्न खोजे वाक्य नै फुटेन । उनले ट्वाल ट्वाल्ती भित्तातिर हेरिमात्र रहे ।

"एकपल्ट स्कुलमै गएर बुझौँ न, केही नयाँ कुरा थाहा हुन्छ कि ?" राधाले अनुरोध गरिन् ।

भोलिपल्ट समिरसँगै हरिशरण र राधा स्कुलमा पुगे । स्कुलको ठूलो हलमा मानिसहरू जम्मा भएको देखेर उनीहरू त्यता लागे ।

हलमा कार्यक्रम सुरु हुनै लागेको रहेछ । कम्प्युटर सरले ल्यापटप कम्प्युटर र प्रोजेक्टर जोडेर मंचतिरको भित्तामा केही कुरा देखाउँदै थिए । अगाडि पंक्तिमा अभिभावकहरू बसेका थिए । हेडसर र शिक्षकहरू आगन्तुकहरूलाई स्वागत गर्न व्यस्त थिए ।

हरिशरण र राधालाई देख्ने बित्तिकै हेडसरले भन्नुभयो, "ओहो ! समिरका बुबा, आमा आउनु भएछ ! स्वागत छ तपाईंहरूलाई । कार्यक्रम सुरु हुनै लागेको छ । बस्दै गर्नुस् है ।"

समिर र उनका बुबा आमा मञ्चको नजिकैको खाली कुर्सीमा बस्नु भयो ।

भित्ताको पर्दामा किताबको चाङ र त्यसको नजिकै किताब पढने ट्याब्लेट देखियो । प्रस्तुतकर्ता कम्प्युटर सरले भन्न थाले, "तपाईंहरूले यहाँ किताबको जुन चाङ देखिरहनु भएको छ त्यस्ता कैयौँ चाङ/थाक यो सानो ट्याब्लेटमा अटाउँछ । ल्यापटपमा झन धेरै, हजारौँ किताब अटाउँछ ।"

नजिकै बसेको एक जना अभिभावकले सोधे, "कस्तो पुस्तक हो यो ? यो कसरी बन्छ ? यसलाई कागतमा छाप्नु पर्छ कि पर्दैन ?"

"यसलाई इबुक भनिन्छ । अर्थात् इलेक्ट्रोनिक पुस्तकको छोटकरी नाम इबुक हो," युवकले भने । " इबुक भनेको इलेक्ट्रोनिक बनावट वा प्रारूप (फर्म्याट) मा भएको किताब हो । यसलाई कम्प्युटर, ल्यापटप, ट्याब्लेट, स्मार्टफोन वा पढ्न र हेर्नका लागि स्क्रिन भएको

कुनै पनि इलेक्ट्रोनिक/डिजिटल डिभाइस, यन्त्रउपकरणमा डाउनलोड गरेर पढिन्छ । यसमा कभर पृष्ठ, विषय सूची, चित्र, पृष्ठ सङ्ख्या जस्ता कागतको पुस्तकमा हुने सबै विशेषता हुन्छ । त्यसबाहेक कागतको पुस्तकमा नभएका अरू पनि विशेषताहरू यसमा हुन्छन् ।"

"कागतको पुस्तकमा नभएको केके विशेषता छ यसमा ?" हरिशरणले उत्सुक हुँदै सोधे ।

"एउटा मुख्य विशेषता हो इबुक किन्न किताब पसलमा जानु पर्दैन, इन्टरनेटबाट किन्न र कम्प्युटर वा डिजिटल उपकरणमा डाउनलोड गर्न सकिन्छ । प्रकाशकले पठाएको लिङ्कमा क्लिक गर्ने बित्तिकै इबुक डाउनलोड गर्न सकिन्छ," कम्प्युटर सरले भने । "इबुक डाउनलोड भएपछि इन्टरनेट कनेक्सन नभए पनि, अफलाइनमा पुस्तक पढ्न सकिन्छ ।"

"अनि यसलाई कागतमा छापेर पढ्न मिल्छ कि मिल्दैन सर ?"

"किन नमिल्नु ? डाउनलोड गरेको पुस्तकलाई कागतमा प्रिन्ट गरेर पढ्न सकिन्छ," कम्प्युटर सरले भने । "तर कागत जोगाउन इपुस्तकको अर्को मुख्य विशेषता हो । किनभने तपाईंहरूलाई थाहै छ कागत बनाउन रुख चाहिन्छ । एउटा औसत आकारको रुखबाट झन्डै दुई हजार थान पुस्तक बन्छ । नेपालमा हरेक वर्ष औसत पाँच लाख विद्यार्थीले एसइइ परीक्षा दिन्छन् । एकदेखि दस कक्षासम्म पचास लाखभन्दा धेरै विद्यार्थी होलान् । एक जना विद्यार्थीलाई दस थान किताब चाहिन्छ भने पचास लाख विद्यार्थीलाई पाँच करोड थान पुस्तक चाहिन्छ । पाँच करोड थान किताब छाप्न पच्चिस हजार रुख काट्नु पर्ने हुन्छ । यसै गरी कलेज र विश्वविद्यालयका र साहित्यिक पुस्तकहरूसमेत हिसाब गर्दा वर्षमा एक लाख रुख काटिन्छ । इपुस्तकले रुखलाई जोगाएर वातावरण सुधार्न ठूलो सहयोग गर्छ ।"



"यो त हाम्रो देशको कुरा भयो । संसारभरि किताबको लागि कति रुख काटिन्छ होला हगि ? इबुक त वातावरण जोगाउने गज्जबको उपाय रहेछ !" एक जना अभिभावकले उत्सहित हुँदै भने ।

"कागत बनाउनका लागि मात्रै संसारमा हरेक वर्ष साना ठूला गरी चार अर्ब रुख काटिन्छन्," कम्प्युटर सरले भने । "यसबाट पनि वातावरण जोगाउन इपुस्तक कति उपयोगी छ भन्ने प्रमाणित हुन्छ ।"


"अनि यस्ता किताब केमा सुरक्षित गरेर राख्ने नि ? विशेष खालको दराज चाहिन्छ कि ?"

कम्प्युटर सरले मुसुक्क हाँस्दै भने, "इपुस्तकको यो अर्को विशेषता हो । कागतको पुस्तक राख्नको लागि ठाउँ दराज, कोठा

र घरहरू नै चाहिन्छ। जस्तै, अमेरिकाको लाइब्रेरी अफ कङ्ग्रेसमा पुस्तक र अन्य सामग्री राख्ने दराजहरूलाई एक लाइनमा राख्यो भने १३४८ किलोमिटर लामो लाइन हुन्छ। जबकि हाम्रो पूर्व पश्चिम लोकमार्गको कुल लम्बाइ जम्मा १०२८ किलोमिटर छ। तर इपुस्तक राख्नका लागि भौतिक स्थान चाहिँदैन। एउटै डिजिटल उपकरणमा हजारौँ इपुस्तक राख्न र तत्कालै हेर्न सकिन्छ।"

"विद्यार्थीहरूले ल्यापटप पाउने बित्तिकै गेम खेल्न र केके हेर्न थाल्छन्। इबुकबाट उनीहरूलाई के फाइदा छ?" हरिशरणले सोधे।

"हो, अचेल विद्यार्थीहरू मोबाइलफोन र ल्यापटपमा गेम खेलेर समय बिताउँछन् भन्ने गुनासो छ। तर उनीहरूले रुचाउने, रमाइला किताब इबुकमा पाए भने ल्यापटपमा गेम नखेलेर किताब पढ्न थाल्नेछन्," कम्प्युटर सरले भने। "इबुकमा अक्षर पढ्ने मात्रै हैन, लेखेका कुरा वा सम्बन्धित विषयको बारेमा सुन्ने र चलचित्र हेर्ने, अडियो र भिजुअल, साथै एनिमेसनको सुविधा पनि हुन्छ। जसले गर्दा विषयवस्तु बुझ्न सजिलो हुन्छ। साथै इबुकमा शब्द र विषयलाई हाइलाइट गरेर लिङ्क (हाइपरलिङ्क) दिइएको हुन्छ। लिङ्कमा क्लिक गरेर पुस्तकमै सम्बन्धित विषयको पेज तत्कालै हेर्न सकिन्छ, पाना पल्टाइरहनु पर्दैन। लिङ्कबाट अर्को वेबसाइट हेर्न पनि सकिन्छ।"



"ल्यापटपमा जे पायो त्यही चलाउन नपाउने बनाउन मिल्छ। आवश्यक सामग्री डाउनलोड र कपि गरेर राख्ने र पढ्ने हो। घरमा तपाईंहरूले ख्याल गर्नुपर्छ। स्कुलमा त जथाभावी इन्टरनेट चलाउन पाउँदैनन्। उनीहरूले के के चलाए रेकर्ड हुन्छ।" कम्प्युटर सरले स्पष्ट पार्नुभयो।

"विद्यार्थीहरूले किताबको भारी बोक्नु परेन नि हैन?" अर्को अभिभावकले हाँस्दै भने।

"हो, इपुस्तक पेनड्राइभ, सीडी, बाहिरी हार्डडिस्क तथा कुनै पनि डिजिटल डिभाइसमा राखेर जहाँ पनि लैजान सकिन्छ। हजारौँ किताब बोके पनि गह्रुँगो हुँदैन। ड्रपबक्स, वानड्राइभ, गुगल ड्राइभ जस्ता क्लाउड कम्प्युटिङ प्रविधि प्रयोग गरेर इपुस्तक इन्टरनेटको सुविधा भएको कुनै पनि ठाउँबाट हेर्न, पढ्न सकिन्छ," कम्प्युटर सरले उत्साहित हुँदै जवाफ दिए।

"बल्ल कुरा बुझियो। अब हाम्रा छोराछोरीले किताबको भारी बोक्न परेन। अर्को कुरा जस्तो सुकै दुर्गम गाउँमा इन्टरनेट भएपछि किताब पुग्ने भयो। जुम्ला हुम्लाका विद्यार्थीले छ

महिनासम्म किताब पाएनन् भन्ने गुनासो गर्ने ठाउँ रहेन । देशभरिका विद्यार्थीले एकैसाथ पुस्तक पाउने भए ।" एक जना अभिभावकले भने ।

ध्यानपूर्वक सुनिरहेका हरिशरणले गम्भीर भएर सोधे, "यो इ पुस्तक कसरी तयार हुन्छ नि सर ?"

"प्रेसमा छाप्ने, बाइन्डिङ गर्ने र ओसारपसार गर्ने कामबाहेक किताबको पानाको डिजाइन गर्ने कुरा उही हो । डिजाइन गरेपछि विभिन्न फर्म्याटमा इबुक बनाइन्छ ।"

"यसको मार्केटिङ कसरी गर्ने त ?" हरिशरणले फेरि सोधे ।

"यसलाई आफ्नै प्रकाशनको वेबसाइटमा राखेर पैसा तिरेपछि मात्र डाउनलोड गर्न मिल्ने बनाउन पनि सकिन्छ । पेनड्राइभ वा सीडीमा राखेर बेच्न पनि सकिन्छ," उनले प्रष्ट पारे ।

"का हुनु हजुर मैले तीस वर्षसम्म पुस्तक छापेरै बेचे । अहिले समय यस्तो आयो यतै लागे ।" उसले फिस्स हाँस्दै भन्यो ।

"बल्ल कुरा बुझेँ । समय अनुसार चल्नै पर्‍यो," हरिशरणले श्रीमती र छोरालाई हेर्दै मुसुक्क हाँस्दै भने ।





# माछा सर

"नानीहरू टाढैबाट आएजस्तो छ । टौदहको रमाइलो भनेकै माछा हेर्नु हो । लौ भुजा र मस्यौरा किनेर लैजाऊ ।" सुपोमा सामान बेचिरहेकी बूढीआमाले पोखरीतिर जाँदै गरेका विद्यार्थीहरूलाई भने ।

"हामीले हाम्रो खानेकुरा आफैले बोकेर ल्याएका छौँ । चाहिन्न आमा हामीलाई भुजा र मस्यौरा," अस्मिताले भनिन् ।

"यो मस्यौरा र भुजा तिमीहरूलाई खान लैजाऊ भनेको हो र ? माछालाई चारो हाल्न लैजाऊ पो भनेकी । भुजा र मस्यौरा पानीमा छरिदियो भने माछाहरूले खान आउँछन् । अनि किसिम किसिमका माछा हेर्न पाइन्छ । कस्तो नबुझेकी नानी !" बूढीआमाले फिस्स हाँस्दै भनिन् ।

"त्यसो भए एक पाकेट भुजा र एक पाकेट मस्यौरा दिनुस् न त । कति पैसा लाग्छ ?" अपेक्षाले गोजीबाट पैसा झिक्दै सोधी ।

बूढीआमाले अपेक्षालाई भुजा र मस्यौरा दिइन् । अपेक्षा साथीहरूसँग पोखरीको किनारातिर लागिन् ।

अस्मिता, अपेक्षा, हसिना, सुराङ्गना, दीप र मनिष पोखरीको डिलमा गएर बसे । बिस्तारै भुजा र मस्यौरा पानीमा फाल्न थाले ।



"वा हेर त परबाट कति ठूलो सेतो माछा आइरहेको ?" सुराङ्गना चिच्याई ।

"हेर त कस्ता कस्ता रङ्गीबिरङ्गी माछा !" हसिनाले रमाउँदै भनी ।

"क्या रमाइलो !" सबैको मुखबाट एउटै स्वर गुञ्जियो ।

"के को रमाइलो नि यहाँका माछा सबै खत्तम पारेको यिनै रङ्गीबिरङ्गी माछाले त हो । यिनलाई खानेकुरा नदेऊ," अचानक एक जना पाका, केश फुलेका मानिसले उनीहरूको नजिक आएर भने ।

उनको कुरा सुनेर विद्यार्थीहरू एकछिन अकमकिए । दीपले अलि रुखो स्वरमा भने, "कस्तो रमाइलो भइरहेको छ । यिनलाई किन खानेकुरा नदिने ? हामीलाई डिस्टर्ब नगर्नुस् ।"

दीपको कुरा मनिषलाई चित्त बुझेन । उनले ती मानिससँग नम्र हुँदै सोधे, "माछालाई खानेकुरा किन नदिने काका ?"

"यहाँ माछा हेर्न आउनेहरूले यति धेरै खानेकुरा पानीमा फाल्छन् कि माछाले खाएर सक्तैन । खानेकुरा पोखरीको पिँधमा गएर कुहिन्छ । अनि पानी फोहोर हुन्छ । पानीमा अक्सिजन कम हुन्छ अनि माछा मर्छन् । यसैले खानेकुरा नदेऊ भनेको ।"

ती मानिसको कुरा सुनेर सबै जनाको ध्यान उनीतिर आकर्षित भयो । दीपले सोधे, "खानेकुरा ख्वायो भने माछा मर्छ भन्नुभएको ? तपाईं माछा विशेषज्ञ हो ?"

"हो, म युनिभर्सिटीमा बायोलोजी पढाउँछु । माछाको बारेमा डाक्टर गरेको छु । नेपालमा सबैभन्दा पहिलो डल्फिन पत्ता लगाएको मैले हो," ती मानिसले मुसुमुसु हाँस्दै भने ।

परिचय पाउनासाथ सबै जनाले उठेर नमस्कार गरे । उनीहरूले सर भनेर सम्बोधन गर्न थाले ।



उनीहरूले पानीमा खानेकुरा फाल्न छाडे । हसिनाले विनम्र हुँदै भनिन्, "माफ गर्नुस् सर । हामीले सरलाई चिनेनौँ । सरले यहाँका माछाको बारेमा हामीलाई बताई दिनुभयो भने खुसी हुनेछौँ सर ।"

"माछाको बारेमा तिमीहरूलाई केही कुरा सुनाउन पाएँ भने मलाई पनि खुसी लाग्ने छ । किनभने यो पोखरीमा यहाँका पहिलेका स्थानीय माछाहरू हराउँदैछन्," सरले भन्नुभयो । "यहाँ साइबेरियादेखि चराहरू आउँथे । अहिले ती चराहरू पनि आउन छाडेका छन् । यो दह विस्तारै निर्जीव हुन थालेको छ । यसबारेमा जानकारी बाँड्न पाएँ भने कसै न कसैले यसको संरक्षणको लागि पाइला चाल्ला ।"

सरको कुराले अस्मिता, अपेक्षा, हसिना, सुराङ्गना, दीप र मनिष सबैलाई आकर्षित गऱ्यो । उनीहरू उत्सुकतापूर्वक सरको कुरा सुन्न थाले । सुराङ्गना सरको नाम थाहा पाउनु उत्सुक भइन् । सोधिन्, "सरको नाम के हो नि ?"

"नाम किन चाहियो ? मलाई मेरा विद्यार्थीहरूले माछा सर भन्छन् । मलाई पनि यही नाम मन पर्छ," माछा सरले हाँस्दै भन्नुभयो ।

"तिमीहरू टौदहमा कति पटक आयौ ?" सरले प्रश्न गर्नुभयो ।

"हामी त आजै पहिलो पटक हो," अस्मिताले भनिन् ।

"टौदहको बारेमा कतै पढेको त होला नि ?"

"यहाँ कर्कोटक नाग बस्छन् भन्ने कथा पढेको थिएँ," मनिषले भने ।

"भोटो जात्रामा देखाइने भोटो कर्कोटक नागको हो रे । नागराजकी रानीको आँखा निको पारिदिएकोले किसानलाई हिरा जडेको भोटो उपहार दिएको रे," अपेक्षाले भनिन् ।

"यो त भयो प्राचीन कथाको कुरा । यसबाट पनि यो दह हजारौँ वर्ष पुरानो हो भन्ने प्रमाणित हुन्छ," माछा सरले भन्नुभयो । "प्राकृतिक हिसाबले टौदह पहिला एकदम राम्रो थियो । यहाँको पानी सफा थियो । पानीमा विभिन्न जातका माछा थिए । माछा खान र चल्ला कोरल्न टाढा टाढाबाट चराहरू आउँथे । चराहरूको स्वरले यहाँको वातावरण गुञ्जिन्थ्यो ।"

"सर यी रङ्गीचङ्गी माछा यहाँका लोकल माछा हैनन् ?" दीपले मनको कुरा पोख्यो ।

"हैनन् । यहाँका लोकल माछा त बेग्लै हुन्छन् । पहिले यहाँ असला, बुदना, कत्ले, फकेटा, भोरी, हिले, सिद्रा, पोथी, अन्धवाम लगायत बाह्र थरिका माछा थिए । यी रङ्गीन माछा पहिले यहाँ थिएनन् । पछि आएका हुन् ?"

"यहाँ कसरी आइपुगे होलान् यी माछाहरू ?"

"मानिसहरूले कसैले धर्म हुन्छ भनेर, कसैले रमाइलोको लागि यहाँ रङ्गीन माछा छाडेका हुन् । यी रङ्गीन माछाले यहाँका रैथाने माछालाई खाइदिए । एक जातको माछा वा जलजीव भएको पोखरीमा अर्को जातको माछा वा जलजीव राखिदियो भने त्यहाँको जैविक सन्तुलन बिग्रन्छ । यहाँ यस्तै भएको छ," सरले गम्भीर भएर भन्नुभयो ।

"लोकल माछा हराउँदै गएपछि पाहुना चरा आउन पनि कम हुँदै गयो । आजकल त खानेकुरा केही हुन्न । फाट्टफुट्ट मात्र आउँछन् ।" माछा सर बोल्दाबोल्दै भक्कानिनु भयो ।


"सर टौदहमा भएका पुराना लोकल माछा सबै लोप भएका हुन् त ? कुनै जातिका पनि छैनन् त ?" मनिषले छक्क पर्दै सोध्यो ।

"सिङ्गे, मांगुर र पोथी मात्र अलिअलि छन् । अरू सबै सखाप भए," सरले ओठ कमाउँदै भन्नुभयो ।

"सर पुराना माछा लोप हुनुमा यिनै नयाँ माछाले गर्दा मात्र हो त ?" दीपले जिज्ञासा राखे ।

"टौदह पोखरीमा पुराना माछा लोप हुनुमा धेरै कारणमध्ये यो एउटा कारण हो," उहाँले प्रष्ट पार्नुभयो । "अरू पनि कारण छन् ।"

"अरू, के के कारण छन् सर ?" हसिनाले सोधिन् ।





"मानिसले पोखरी वरिपरिका खेतमा रासायनिक मल र विषादीयुक्त औषधि प्रयोग गर्न थालेका छन्। खेतको पानी बगेर पोखरीमा मिसिन्छ। यसरी पनि माछा मर्छ। मान्छेले चारो भनेर पोखरीमा फालेका सबै खाने कुरा माछाले खाएर सिध्याउन सक्दैनन्। पोखरीको पिँधमा गएर कुहिन्छ। यसले पानी प्रदूषित हुन्छ र पानीमा अक्सिजनको मात्रा कम हुन्छ। पोखरीमा बाहिरका वनस्पति, झारपात र झ्याउले ढाक्यो भने पनि अक्सिजनको मात्र घट्छ। अनि माछा मर्छ। अहिलेको सबभन्दा ठूलो समस्या भनेको माछाको सङ्ख्या बढी हुनु हो। क्षमताभन्दा बढी माछा भएकोले पनि अक्सिजन नपुगेर भकाभक माछा मारिरहेका छन्।"

सरको कुरा सुनेर उनीहरूको अनुहारमा निराशा छायो। अपेक्षाले सोधिन्, "अब टौदहको वातावरण सधैँ यस्तै रहला त ? यसलाई सुधार्ने कुनै उपाय छैन त सर ?"

"समाधान बिनाको समस्या त हुँदै हुन्न नि नानी," डाक्टर साबले फिस्स हाँस्दै भन्नुभयो।

"त्यसो भए यसलाई पुरानै अवस्थामा फर्काउन सकिन्छ त ?" अस्मिताले उत्साहित हुँदै सोधिन्।

"ठ्याक्कै पुरानो अवस्थामा त कसरी फर्काउन सकिन्छ र ? वरिपरि पर्खाल लगाइसके। पोखरीको किनारामा पनि कङ्क्रिटको छेउपर्खाल लगाइसके। छेउछाउमा धेरै घर बने। रेष्टूराँहरू खुले। चाहिने नचाहिने माछा हाले। यस्तो भएपछि कसरी सुध्रिएला र !" दीपले शङ्का व्यक्त गरे।

"एकदम ठिक भन्यौ । ठ्याक्कै पुरानो अवस्थामा पुऱ्याउन त सकिन्न । तर यसलाई अझै पनि वातावरणमैत्री बनाउन सकिन्छ," भन्दै सरले लामो सास फेर्नुभयो ।

"पुराना लोकल माछा फर्काउन र साइबेरियाका चरा आउने वातावरण बनाउन सकिन्छ त सर ?" हसिनाले सोधिन् ।

"पक्कै सकिन्छ," सरले भन्न थाल्नुभयो । "सबभन्दा पहिला त यी रङ्गीविरङ्गी माछालाई पोखरीबाट झिक्नु पऱ्यो । त्यसपछि लोकल माछा जुन यहाँबाट लोप भएका छन् तिनलाई पुनःस्थापना गर्नु पऱ्यो ।"

नजिकै बसेर सर र विद्यार्थीका कुरा सुनिरहेकी नाङ्ले पसले बूढीआमाले जुरुक्क उठेर जङ्गिँदै भनिन्, "कहाँ मिल्छ यो झिलिमिली माछा पोखरीबाट हटाउन । यी माछा हेर्नलाई त यहाँ मानिस आउँछन् । यिनैले गर्दा दुई चार पैसाको व्यापार गर्न पाइएको छ । के हामीलाई भोकभोकै मार्ने विचार छ कि क्या हो ?"

"हुन त हो नि । तपाईंको कुरा पनि ठिकै हो । पोखरीमा माछा भएनन् भने मान्छे यो पोखरीमा के हेर्न आउने त ? बूढीआमाको पसल मात्रै हैन वरिपरिका रेष्टूराँहरू पनि सुक्छन्," अस्मिताले भनिन् ।

"तर पोखरीको वातावरण बिग्रो भने यहाँ न त बूढीआमाको व्यवसाय चल्छ न रेष्टूराँ नै चल्छ । यसैले मुख्य कुरा भनेको पोखरीको वातावरण सुधार्नु हो," सरले भन्नुभयो । "जहाँसम्म रङ्गीन माछाको कुरा छ तिनलाई पोखरीको छेउमा बेग्लै सानो पोखरी बनाएर पनि राख्न सकिन्छ । टौदहमा पुराना माछा भरिए भने साइबेरियाबाट पाहुना चरा लपक्कै आउँछन् । मानिसहरूले माछासँगै विदेशबाट आउने चराहरू पनि हेर्न पाउँछन् ।"

"वातावरण पनि रमणीय हुने, व्यवसाय पनि चम्कने । कस्तो राम्रो कुरा !" मनिषले ताली बजाउँदै भने ।

माछा सरले पनि सन्तोषको सास फेर्दै भन्नुभयो, "टौदहजस्तै अन्य ताल वा नदीबाट यहाँबाट लोप भएका माछा फेरि ल्याउन सकिन्छ । खेतबाट बगर आएको पानी पोखरीमा छिर्न नसक्ने गरी पोखरीवरिपरि ढल निकासको व्यवस्था गर्न सकिन्छ ।"

सरको कुरा सुनेर बूढीबजैको चाउरी परेको गालामा पनि मुस्कान छायो ।

त्यही बेला पोखरीको माझको रुखमा एक हुल चरा आएर बसे । रुख सेताम्मे देखियो । माछा सरले झोलाबाट लेन्स भएको क्यामेरा झिक्नु भयो र चराको फोटो खिच्न थाल्नुभयो । क्लिक्... क्लिक्... क्लिक्... ।

# परिशिष्ट १ : पृथ्वीका संसाधन र तिनको संरक्षण

पृथ्वी मानिस, जनावर, चरा, रुखबिरुवा, कीरा फट्याङ्ग्रा, माछा, भ्यागुता सबै प्राणीको साझा घर हो । यहाँ पाइने घाम, हावा, पानी, माटो, वनजङ्गल, रुखबिरुवा हामीले उपयोग गर्छौं । हावा भएन भने कुनै पनि प्राणी बाँच्न सक्तैन । सबै प्राणीको शरीर पानीले बनेको छ । घाम भएन भने वनस्पतिले भोजन बनाउन सक्तैन । वनस्पति भएन भने अरू जनावर र मानिस पनि बाँच्न सक्तैन ।

हामीलाई सास फेर्न हावा चाहिन्छ । पिउन र विभिन्न काममा पानी चाहिन्छ । पेट भर्न, खानका लागि बोट, बिरुवा, वनस्पति चाहिन्छ । खेतीपाती गर्न, अन्न, फलफूल, तरकारी उमार्न माटो चाहिन्छ । कलकारखाना, जहाज, मोटर चलाउनका लागि कोइला, पेट्रोल, ग्यास चाहिन्छ । घाम, हावा, पानी, माटो, ढुङ्गा, रुख बिरुवा र जीवजन्तु तथा जमिनमुनि खानीबाट निस्कने तेल, कोइला, धातु तथा विभिन्न पदार्थ सबै पृथ्वीका संसाधन (Resources) हुन् । हामी सबै जन्मन, हुर्कन, बाँच्न र आफ्नो वंशलाई अगाडि बढाउन पृथ्वीका संसाधनमाथि निर्भर छौं ।

हामीलाई विभिन्न काम गर्नका लागि ऊर्जा (Energy) चाहिन्छ । हाम्रो शरीरले भोजन, हावा र घामबाट ऊर्जा पाउँछ । घरभित्र र बाहिर प्रयोग हुने यन्त्र, उपकरणहरू चलाउन ताप, बिजुली आदि ऊर्जा चाहिन्छ । सूर्यको प्रकाश, खोलाको पानी, बतास तथा जैविक वस्तुहरूबाट ऊर्जा प्राप्त हुन्छ । जमिनमुनिबाट निस्कने कोइला, तेल पनि ऊर्जाका मुख्य स्रोत हुन् । घाम, पानी, बतास र जैविक वस्तु कहिल्यै नसकिने, नरित्तिने स्रोत हुन् भने कोइला, तेल आदि रित्तिने स्रोत हुन् ।

घाम, पानी, बतास र जैविक वस्तुको प्रयोग गर्दा वातावरण बिग्रन्न । तर कोइला, ग्यास, पेट्रोल, डिजेल आदि प्रयोग गर्दा कार्बन डाइअक्साइड ग्यास निस्कन्छ । यो ग्यास मानव स्वास्थ्यका लागि हानिकारक ग्यास हो । यो ग्यास वायुमण्डलमा मिसिएपछि वायुमण्डलको माथिल्लो पत्र बाक्लो हुन्छ र पृथ्वीले सिरक ओढेझैँ हुन्छ । अनि वायुमण्डल तातो हुन्छ । यसलाई ग्लोबल वार्मिङ भनिन्छ ।

ग्लोबल वार्मिङले हिउँ पग्लन्छ, पानीका मूल सुक्छन्, समुद्रको पानीको सतह बढ्छ, कुबेलामा पानी पर्छ, जाडो ठाउँमा गर्मी हुन्छ । यसरी पृथ्वीको जलवायुमा परिवर्तन हुन्छ । जलवायु परिवर्तन भयो भने खाद्यान्न, फलफूल, तरकारी उत्पादनमा असर पर्छ । बाढी, पहिरो आउँछ । मानिसको बस्ती खल्बलिन्छ । जलवायु परिवर्तनले मानिसको मात्रै हैन अरू जीवजन्तु र वनस्पतिको अस्तित्वमा पनि खतरामा पर्छ ।

जलवायु परिवर्तन हुन नदिन र पृथ्वीको वातावरण जोगाउनका लागि पृथ्वीका संसाधनहरू फारो गरी प्रयोग गर्नुपर्छ । घाम, पानी, बतास र जैविक वस्तुजस्ता नरित्तिने स्रोतबाट ऊर्जा प्राप्त गर्नुपर्छ । रित्तिने र कार्बन डाइअक्साइड निकाल्ने स्रोतको प्रयोग घटाउनु पर्छ । रुख बिरुवाले कार्बन डाइअक्साइड लिएर अक्सिजन दिन्छ । यसैले रुख बिरुवा रोप्नु र वनजङ्गल हुर्काउनु वातावरण जोगाउनका लागि हरेक व्यक्तिले गर्न सक्ने सबैभन्दा उपयोगी काम हो ।

हामीले बिहान उठेदेखि साँझ नसुतेसम्म विभिन्न प्रकारका काम गर्छौं । हाम्रा कामहरू, जस्तै : खाना पकाउँदा, लुगा धुँदा, भाँडा माझ्दा, जाँदा आउँदा, विभिन्न प्रकारका कामले वातावरणलाई प्रदूषित गरिरहेको हुन्छ ।

हामीले वातावरणमा दुई प्रकारका फोहोर फालिरहेका हुन्छौं – कुहिने (Bio-degradable) र नकुहिने (Non bio-degradable) फोहोर । तरकारी, फलफूलजस्ता वनस्पतिबाट निस्कने फोहोर कुहिन्छन् र मल बन्छ । तर प्लास्टिक, सिसा, टिन, अल्मुनियमका सामान कुहिन्नन् । यस्ता वस्तुले माटो र पानीलाई दूषित बनाउँछ । ती वस्तु खिइएर निस्कने रासायनिक पदार्थ विषालु हुन्छ र जीवजन्तु र मानिसलाई हानि गर्छ ।

कुहिएर नजाने यस्ता फोहोरलाई हामीले तीन तरिकाले तह लगाउन सक्छौं । यसलाई अङ्ग्रेजीमा तीन आर (3R) भनिन्छ । यसको अर्थ हो : रिड्युस (Reduce), रियुज (Reuse) र रिसाइकल (Recycle) ।

रिड्युसको मतलब हो सजिलोसँग नकुहिने सामानको प्रयोग घटाउने । प्लास्टिक, टिन, अल्मुनियम, सिसाका सामान, भाँडाकुँडाको प्रयोग घटाउने । सधैं प्रयोग गर्ने भाँडाकुँडा जस्तै : कप, ग्लास, प्लेट, थाल, कटौरा आदि सामान धातुका र धेरै खप्ने किन्न सक्छौं । किनमेल गर्नको लागि प्लास्टिकको झोलाको सट्टा सपिङ ब्याग वा बलियो थैला, झोला प्रयोग गर्न सक्छौं । हामीलाई कुनै सामान थोरै समयको लागि चाहिएको हो भने त्यो सामान सापटी लिएर काम चलाउन सक्छौं । कारमा जानुको सट्टा हामी सार्वजनिक बसमा जान सक्छौं । कसैसँग लिफ्ट मागेर जान सक्छौं वा हिँड्न पनि सक्छौं ।

रियुजको मतलब हो कुनै सामान फेरि प्रयोग वा पुनः प्रयोग गर्नु । प्लास्टिकका क्यान, जार, कागतका बाकस, कार्टुन र सिसाका भाँडाहरू पटक पटक प्रयोग गर्न सक्नुहुन्छ । तिनमा खेलौना, लुगा, बोतल आदि विभिन्न कुरा राख्न सकिन्छ । प्लास्टिक ब्यागमा खानेकुरा राख्नुको सट्टा लञ्चबक्समा राख्न सक्नु हुन्छ । तपाईंसँग कुनै कुरा धेरै छ, कुनै किताब, खेलौना, लुगा, भाँडा बढी छ वा त्यसलाई प्रयोग गर्न मन लागेन भने अरूलाई दिन सक्नुहुन्छ ।

रिसाइकलको मतलब हो एउटा सामानबाट अर्को सामान बनाउनु । प्रयोग भइसकेका सामानलाई गलाएर वा अन्य तरिकाले नयाँ सामान बनाउनु । जस्तै : पुरानो टिन वा

अल्मुनियमको क्यानबाट नयाँ क्यान बनाउनु । पुराना कागत गलाएर नयाँ कागत बनाउनु । पुराना प्लास्टिकका सामान गलाएर नयाँ सामान, खेलौना आदि बनाउनु ।

कुन फोहोर सामान कुहुन्छ र कुन सामान रिसाइकल गर्ने हो भन्ने थाहा पाएपछि हामीले ती सामान विभिन्न भाँडामा राख्न सक्छौँ । जस्तै : कुहिने सामान एउटा भाँडामा जम्मा गरेर कम्पोस्ट मल बनाउन सकिन्छ । नकुहिने सामानमध्ये रिसाइकल गर्नका लागि प्लास्टिकका बोतल र झोलाहरू एउटा भाँडामा, सिसाका बोतलहरू अर्को भाँडामा, टिनका भाँडा अर्कोमा, अल्मुनियमका भाँडा अर्कोमा र कागत अर्को भाँडामा जम्मा गर्न सकिन्छ । यसरी जम्मा गरेको सामान बिक्री गर्दा फाइदा पनि हुन्छ ।

वातावरण जोगाउन हामीले अरू पनि विभिन्न काम गर्न सक्छौँ । जस्तै : नुहाउँदा, हातमुख धुँदा पानी कम खर्च गर्ने । धारा खुला नछाड्ने । वर्षाको पानी जम्मा गर्ने ।

भान्छामा जम्मा हुने कुहिएर जाने फोहोरबाट कम्पोस्ट मल बनाउने ।

कागतको दुवैतिर लेख्ने र कागतको प्रयोग कम गर्ने ।

नचाहिने बेलामा बत्ती निभाउने । रेडियो, टेलिभिजन, कम्प्युटर नचलाएको बेलामा बिजुली बन्द गर्ने ।

यातायातका साधनमा सकेसम्म साइकल चढ्ने । बिजुलीले चल्ने मोटरसाइकल, कार चढ्ने । कारको सट्टा सार्वजनिक बस चढ्ने । लिफ्ट माग्ने । स्वास्थ्यको लागि पैदल हिँड्ने ।

सबैभन्दा मुख्य कुरा रुख रोप्ने र वन जोगाउने ।

वातावरण जोगाउनु किन आवश्यक छ र कसरी जोगाउने भन्नेबारेमा साथीहरूसँग छलफल गर्ने र टोलछिमेकमा चेतना जगाउने ।

# परिशिष्ट २ : पारिभाषिक शब्दावली

**आफ्नो माया आफैले गर्नुपर्छ :**

**भूकम्प** (Earthquake) जमिनमुनि चट्टानमा सँगालिएको ऊर्जा अचानक निष्कासित हुन खो ज्दा जमिन हल्लिनु । पृथ्वीको बाहिरी सतहमा भएका विशाल खण्ड (प्लेट) हरू एक आपसमा अचानक घस्रिँदा भूकम्प जान्छ । ठूला ज्वालामुखी फुट्दा पनि भूकम्प जान्छ ।

**वातावरण** (Environment) कुनै वस्तुलाई घेरेर राख्ने वा वरिपरिको वस्तु हो । यसअन्तर्गत हावा, पानी, जमिन तथा सबै प्रकारका भौतिक वस्तु पर्छन् ।

**मनसुनी हावा** नेपालमा मनसुनी हावा साधारणतया हिन्द महासागरबाट बङ्गालको खाडी हुँदै दक्षिण पूर्व दिशाबाट प्रवेश गर्छ । यो हावा समुद्रबाट आउने भएकोले यसमा धेरै जलवाष्प हुन्छ । धेरै जलवाष्प भएकोले यो उड्ने बाटोमा पानी पार्छ ।

**रिचार्ज :**

**इनार** (Well) जमिनमुनिको पानी निकाल्नका लागि खनिएको गहिरो खाडल वा गहिरो कुवा ।

**वाटर टेबल** (Water table) जमिनमुनिको यस्तो तह (लेभल) जसको तलको बालुवा माटो वा चट्टानको बीचमा पानी हुन्छ ।

**रिचार्ज** (Recharge) वर्षाको पानी जमिनमुनि पठाएर जमिनमुनिको पानीको सतह घट्न नदिने वा बढाउने उपाय ।

**रङ्गीन विष :**

**पेन्ट** (Paint) घर वा कोठाका भित्ता सुरक्षित गर्न वा सजाउनका लागि झोलकुरामा मिसाएर बनाइएको पदार्थ । चित्रकला कृति वा अन्य कला बनाउनका लागि प्रयोग गरिने रङ्गीन पदार्थ ।

**लेड** (Lead) अर्थात सिसा अत्यन्त विषाक्त धातु हो । यसले खास गरी केटाकेटीहरूमा विभिन्न प्रकारका रोग ल्याउँछ । लेड हावा र अन्य माध्यमबाट शरीरभित्र घुसेर शरीरका कोमल अङ्गहरू जस्तै : दिमाग, मिर्गौला र रगतमा हानि पुऱ्याउँछ । यसले मानिसको व्यवहारमा असामान्यता, अपाङ्गता र मृत्युसमेत गराउन सक्छ । लेड मिसिएको पेन्टले लिपेको भित्तामा केटाकेटीले हात राख्दा वा त्यस्तो पेन्टसँग छोइएको खानेकुरा खाँदा, पेन्ट गरिएको खेलौना खेल्दा शरीरभित्र लेड पस्न सक्छ ।

**ईबुक :**

**ट्याब्लेट** (Tablet) पातलो, हलुँगो, ब्याट्रीले धेरै बेरसम्म चल्ने, स्क्रिनमा औँलाले छोएर चलाउन मिल्ने (टचस्क्रिन), तर बाहिरी कीबोर्ड नभएको, स्क्रिनमै कीबोर्ड निकालेर लेख्न मिल्ने ल्यापटपजस्तै सानो कम्प्युटर ।

**अफलाइन** (Offline) इन्टरनेट वा कुनै पनि नेटवर्कसँग सम्पर्क नगरी स्वतन्त्र रूपले कम्प्युटर चलाउने अवस्था ।

**माछा सर :**

**टौदह** काठमाडौँ उपत्यकाको कीर्तिपुरमा, दक्षिणकाली जाने बाटोको छेउमा पर्ने प्राकृतिक ताल ।

**जीवविज्ञान** (Biology) सूक्ष्म जीवाणुदेखि विशालकाय जीवजन्तु र वनस्पतिहरूको उत्पत्ति, जीवन, काम र उपयोगिताबारे अध्ययन गर्ने विज्ञान ।

**साइबेरिया** उत्तरी ध्रुवीय सागरसम्म फैलिएको रुसको विशाल भूभाग । धेरैजसो भागमा घाँसे मैदान छ । हावापानी चिसो र विषम भएकोले यहाँ मानिसको जनसङ्ख्या साह्रै कम छ ।

**इकोसिस्टम/पारिस्थितिकी** (Ecosystem) प्रकृतिमा रहेका हरेक वस्तु, वनस्पतिको जीवजन्तु र पशपंछीको जीवनमा विभिन्न भूमिका हुन्छ। जीवित वस्तुहरूको वरिपरिको वस्तु र अवस्थासँगको सम्बन्धलाई पारिस्थितिक प्रणाली वा इकोसिस्टम भनिन्छ । यो प्रणालीमा एउटा वस्तु वा जीवको भूमिका फेरिने बित्तिकै समग्र पारिस्थितिक प्रणालीमा प्रभाव पर्छ । पशुपंछीहरू हावा, भोजन, वासस्थान, सन्तान उत्पादन र मनोरञ्जनका लागि रुख बिरुवामाथि निर्भर हुने हुँदा वनस्पतिबिना बाँच्न सक्तैनन् ।

**जैविक/पारिस्थितिक सन्तुलन** (Ecological balance) कुनै इको सिस्टमभित्रका जीवहरूको बीचमा भोजन, बासस्थान आदि विषयमा सक्रिय सन्तुलनको अवस्था । यस्तो सन्तुलनमा अनुवंशीय (जेनेटिक) तथा जातीय विविधता तुलनात्मक रूपले स्थिर रहन्छ ।

**पाहुना चरा** (Migratory birds) मौसममा परिवर्तन हुँदा साइबेरिया र विश्वका अन्य भागबाट भोजन तथा चल्ला काढ्न र हुर्काउनका लागि आउने चरा, जस्तै : सारस ।

**रासायनिक मल** (Chemical fertiliser) खेतीपातीमा उत्पादन बढाउनका लागि अजैविक वस्तु, सिन्थेटिक वस्तुबाट बनाइने अप्राकृतिक मल । यसले कालान्तरमा रुखबिरुवालाई रोगी बनाउँछ ।

**विषादी** (Pesticide) कीरा, मुसा, झारपात, ढुसी तथा लामखुट्टेजस्ता रोगकारक र खेतीपातीलाई हानि पुऱ्याउने जीव मार्नका लागि प्रयोग गरिने रासायनिक यौगिक पदार्थ ।

**अक्सिजन** (Oxygen) रङ र गन्ध नभएको ग्यास । जीवित वस्तुलाई बाँच्नका लागि अक्सिजन नभई हुँदैन । वायुमण्डलमा २० प्रतिशत अक्सिजन छ ।

**व्यावहारिक प्रयोग**

१) कोल्ड ड्रिङ्कका प्लास्टिकका दुइटा बोतलको घाँटीको भाग काट्ने र पिँधदेखिमाथि आधा भागसम्म तातो भिmर वा किल्लाले धेरै प्वाल बनाउने । घरबाहिर खाली ठाउँमा वा बारीमा एक फिटभन्दा कम दूरीमा दुइटा खाल्टो खनेर पिँध तल पर्ने गरी ती प्लास्टिकका बोतल गाड्ने । एउटा बोतलमा पानी राख्ने । बोतलको पानी माटोमा रसाएर अर्को बोतलमा पुगेको जाँच्ने ।

२) आकाशे पानी सङ्कलन गर्ने र गमला र बारीमा राख्ने । पानीको मूलको नजिक बस्नेले मूलको वरिपरि रुख बिरुवा रोप्ने र संरक्षण गर्ने ।

नेपाल सरकार
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

gef
अतिकम विकसित राष्ट्रहरुको
लागि कोष/विश्व वातावरण कोष

UNDP
Empowered lives.
Resilient nations.
संयुक्त राष्ट्रसंघीय विकास
कार्यक्रम (युएनडीपी)